सामाजिक सुरक्षा खबर
सामाजिक सुरक्षा कोष
Social Security Fund
सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन
वर्ष ५ अंक १ वैशाख २०८१ www.ssf.gov.np

# कोषबाट योगदानकर्ताले विशेष सापटी कसरी लिने ?

सामाजिक सुरक्षा कोषमा नियमित योगदान गर्ने योगदानकर्ताहरुले घर सापटी , शैक्षिक सापटी, सामाजिक कार्य सापटी र विशेष सापटी गरी चार किसिमको सापटी लिन पाउने व्यवस्था छ ।

विशेष सापटी भनेको योगदानकर्ताको अवकाश योजनामा जम्मा भएको कुल रकमको ८०% रकम सापटीको रुपमा निकाल्न पाउने व्यवस्था हो ।

यो सापटी पाउनको लागि निम्न योग्यता हुन आवश्यक छ :

**योग्यताः**

क. ३ वर्ष वा ३६ महिनाको योगदान भएको हुनु पर्ने
ख. अवकाश योजनामा न्युनतम रु. ६२,५०० हुनु पर्ने
ग. रोजगारी मै रहेको हुनु पर्ने (न्युनतम २ वर्ष रोजगार अवधि बाँकि हुनु पर्ने )
घ. KYC मा सापटी भुक्तानी हुने योगदानकर्ताको बैंक खाता सम्बधि तथ्यांक अध्यावधिक हुनु पर्ने

**कति रकम सापटीको रुपमा निकाल्न मिल्छ ?**

माथि नै उल्लेख भै सके जस्तो विशेष सापटीमा अवकाश योजनामा जम्मा भएको कुल रकमको ८०% रकम निकाल्न पाइन्छ ।

यसमा एउटा विशेष व्यवस्था पनि छ । यदि योगदानकर्ता वि. स. २०७८ असार मसान्त भित्र कोषमा आवद्द भएर कम्तिमा एक महिनाको योगदान रकम जम्मा गर्न शुरु गरेको भए, त्यस्ता योगदानकर्ताले निबृतभरण योजनामा जम्मा भएको रकमलाई न्युनतम २% निबृतबरण योजना मै थाती राखी बाँकि रकमलाई अवकाश योजनामा सार्न सकिन्छ । यसरी अवकाश योजनामा जम्मा भएको रकम मध्ये ८०% रकम विशेष सापटीको रुपमा निकाल्न मिल्छ ।

**व्याजदर कति छ ?**

कोषको विशेष सापटीको व्याजदर आर्थिक वर्ष २०८०/८१को लागि ८.६% रहेको छ । कोषले अरु ब्याजदर जस्तै यो व्याजदर पनि आर्थिक वर्षको शुरुमै तय गरेको हुन्छ ।

**सापटी कसरी लिने ?**

सापटी लिनको लागि कोषको Mobile App हुन जरुरी छ । Mobile App मा योगदानकर्ताले आफुलाई प्रयोगकर्ताको रुपमा register गरे पछि तल दिइए अनुसार गर्नु पर्छ :

१. Mobile App log In गर्ने
२. Special loan मा क्लिक गर्ने
३. २०७८ असारसम्ममा योगदान प्रारम्भ गरेको भए निबृतभरणको रकमलाई अवकाश योजनामा सार्ने
४. विशेष सापटीको रुपमा कुल निकाल्ने रकम एकिन गर्ने
५. अनि apply गर्ने

यसरी apply गर्दा योगदानकर्ताको सबै विवरण सहि भए योगदानकर्ताले प्रदान गरेको बैंक खातामै विशेष सापटी रकम जम्मा गरिने छ ।

**सापटी कसरी तिर्ने ?**

१. Mobile App log In गर्ने
२. Loan repayment मा क्लिक गर्ने
३. देखाइएको ब्याजमात्र तिर्ने वा ब्याज सहित साँवा तिर्ने एकिन गर्ने
४. अनि apply गर्ने

**व्याज / सापटी भुक्तानी नगरे के हुन्छ?**

एक आर्थिक वर्ष भित्रको व्याज सोहि आर्थिक वर्ष भित्र भुक्तानी नगरिए सो ब्याज अर्को आर्थिक वर्षमा सावाँमा जोडिने छ ।

# सामाजिक सुरक्षाका अन्तर्राष्ट्रिय अभ्यासः क्युबा

क्यूबा एक क्यारिबियन देश हो। यसको राजधानी हवाना जीवन्त वास्तुकला र व्यस्त सडक जीवनको लागि प्रसिद्ध छ। यो द्विप क्यारिबियनको सबैभन्दा ठूलो द्वीप हो जहाँ करिब १ करोड १५ लाख जनसंख्याको बसोबास रहेको छ | यो देशको पूर्वमा संयुक्त राज्य अमेरिका र मेक्सिको अवस्थित छ। सन् १९५९ को राजनैतिक परिवर्तन पछि क्युबामा शिक्षा, स्वास्थ्य सेवा र विज्ञानमा यसका महत्वपूर्ण उपलब्धि भएको मानिन्छ | यो अंकमा क्युबाको सामाजिक सुरक्षा योजनाहरुको चर्चा गर्नेछौं |




क्युबामा सामाजिक सुरक्षाका कार्यक्रमहरु सन १९६३बाटै शुरु भएको पाइन्छ | हालको सुधारिएको सामाजिक सुरक्षा योजनाहरु सन् २००९ देखि कार्यान्वयनमा आएका हुन् | हाल क्युबामा सबैलाई सामाजिक सुरक्षा योजना, सामाजिक बीमा र सामाजिक सहायताका ३ थरीका सामाजिक सुरक्षा योजना संचालनमा छन् |

सबैलाई सामाजिक सुरक्षा योजना क्युबामा बसोबास गर्ने सबैलाई लागु हुन्छ भने सामाजिक बीमा क्युबाका नीजि तथा सार्बजनिक क्षेत्रमा कार्यरत कर्मचारीको लागि लागु गरिएको छ | सामाजिक सहायता भने आवश्यक परेकाहरुका लागि मात्र दिने व्यवस्था छ |

तलको तालिकाले क्युबामा रहेको सामाजिक सुरक्षा योजनालाई संक्षेपमा प्रस्तुत गरिएको छ :

| योगदानदर | | | |
|---|---|---|---|
| | सबैलाई सामाजिक सुरक्षा योजनामा समेटिएकाहरु | सामाजिक बीमा | सामाजिक सहायता |
| योगदानकर्ता (सरकारी क्षेत्र) | योगदान गर्न नपर्ने | मासिक पारिश्रमिक को २.५% | योगदान गर्न नपर्ने |

| | | | |
|---|---|---|---|
| योगदानकर्ता (नीजि क्षेत्र) | योगदान गर्न नपर्ने | मासिक पारिश्रमिक को ५% | योगदान गर्न नपर्ने |
| रोजगारदाता (सरकारी क्षेत्र ) | योगदान गर्न नपर्ने | मासिक पारिश्रमिक को १२.५% | योगदान गर्न नपर्ने |
| रोजगारदाता (नीजि क्षेत्र) | योगदान गर्न नपर्ने | मासिक पारिश्रमिक को १४.५% | योगदान गर्न नपर्ने |
| स्वरोजगार | योगदान गर्न नपर्ने | लागु नहुने | योगदान गर्न नपर्ने |
| क्युबा सरकार | सम्पूर्ण दायित्व | नपुग रकम | सम्पूर्ण दायित्व |

क्युबामा सबैलाई सामाजिक सुरक्षा योजना, सामाजिक बीमा र सामाजिक सहायता कार्यक्रम अन्तर्गत थुप्रै सामाजिक सुरक्षा योजनाहरु छन् । ती मध्ये सामाजिक बीमा अन्तर्गत संचालित केहि योजनाहरुको चर्चा यहाँ गरिएको छ :

| योजना | योग्यता / सुविधा सीमा |
|---|---|
| वृद्द अवस्था पेन्सन | योगदानकर्ताको १५ वर्ष योगदान अवधिमा बढी योगदान गरिएका ५ वर्षको औषत मासिक आयको ६०% रकम मासिक रुपमा पेन्सन पाउने । ३० वर्ष भन्दा बढी योगदान गरेको भए थप २% पेन्सन रकम दिने व्यवस्था। |
| अशक्तता पेन्सन | रोजगारीमा रहंदा वा रोजगारी सकिएको ६० दिन भित्र भौतिक वा मानसिक रुपमा पूर्ण असक्त भएमा १५ वर्ष योगदान अवधिमा बढी योगदान गरिएका ५ वर्षको औषत मासिक आयको ५०% मासिक पेन्सन दिईने । आंशिक असक्त भएमा पछिल्लो १२ महिनाको आधारमा औषत आय तय गरी सो को ६०% रकम पेन्सनको रुपमा बढी मा १ वर्षसम्म पाउने । |
| आश्रित पेन्सन | रोजगारीको क्रममा मृत्यु भएमा वा रोजगारी पछि पेन्सन पाउन थाले पछि योगदानकर्ताको मृत्यु भएमा वा रोजगारी अन्त्य भएको ६ महिना भित्र योगदानकर्ताको मृत्यु भएमा योगदानकर्ताका पति/ पत्नी र १७ वर्षभन्दा मुनिका सन्ततिलाई आश्रित पेन्सन शुरुको महिना १००% तलब बराबर दिइने, र क्रमिक रुपमा बाँकि महिनाहरुमा योगदानकर्ताले पाउने पेन्सनको ८५%, ७०% को रुपमा आउदा महिनामा घट्दै जाने । अन्तिम संस्कार खर्च पूर्ण रुपमा निशुल्क रहेको । |
| विरामी सुबिधा | कुनै योग्यता नरहेको । अस्पताल भर्ना नभए मासिक आयको ६०% वा भर्ना भए ५०% रकम बढीमा ६ महिनासम्म औषधि उपचारको लागि पाउने |
| मातृत्व सुविधा | कुनै योग्यता नरहेको । नवजात शिशुको आमाले १२ औषत आय बच्चा जन्मेको १२ महिनासम्म पाउने । |
| दुर्घटना सुरक्षा योजना | कार्य क्षेत्रमा दुर्घटना भएमा वा रोजगारीजन्य रोग लागेमा । अस्पताल भर्ना नभए मासिक आयको ८०% वा भर्ना भए ७०% रकम बढीमा ६ महिना सम्म औषधि उपचारको लागि पाउने |

क्युबामा यी योजनाहरुको संचालन त्यहाँको श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयले गर्दै आएको छ ।

# कोषमा आबद्द स्वास्थ्य सेवा प्रदायक संस्थाहरु र सह योगदान

सामाजिक सुरक्षा कोषले औषधि उपचार तथा मातृत्व सुरक्षा योजना र दुर्घटना तथा असक्तता योजनाको कार्यान्वयन सूचना प्रणालीको माध्यमबाट गर्दै आएको छ। यसको लागि कोषले आफ्नो सूचना प्रणालीलाई परिष्कृत गरी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सूचना प्रणालीसंग सुबिधा दाबीको लागि जोडेको छ। यसरी कोषको सूचना प्रणालीको संजालमा जोडिएका स्वास्थ्य सेवा प्रदायकहरु देशै भरीमा ८३ वटा पुगेको छ जसको विवरण निम्न अनुसार रहेको छ :

| कोशी प्रदेश | | | |
|---|---|---|---|
| क स | अस्पताल | जिल्ला | स्थान |
| १ | मनमोहन मेमोरियल पुर्वाञ्चल क्षेत्रिय सामुदायिक अस्पताल | झापा | बिर्तामोड - ०५ |
| २ | बि एण्ड सी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल प्रा. लि. | झापा | बिर्तामोड |
| ३ | आम्दा मेची अस्पताल | झापा | धुलाबारी |
| ४ | लाईफ लाईन अस्पताल | झापा | दमक |
| ५ | आम्दा अस्पताल, दमक | झापा | दमक |
| ६ | अरनिको हस्पिटल प्रा.लि. | मोरङ | उर्लाबारी- ५ |
| ७ | न्यूरो कार्डियो एण्ड मल्टिस्पेसियलिटि हस्पिटल | मोरङ | शंखधर साख्वाः मार्ग, विराटनगर |
| ८ | रामलाल गोल्छा आँखा अस्पताल | मोरङ | बिराटनगर |
| ९ | मोरङ्ग सहकारी अस्पताल | मोरङ | सोमबारे हाट, बिराटनगर |
| १० | हाम्रो अस्पताल प्रा. लि. | मोरङ | बिराटनगर ०४ |
| ११ | नोवेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रा.लि. | मोरङ | बिराटनगर ०४ |
| १२ | बिराट मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल | मोरङ | टंकिसिनुवारी, बिराटनगर |
| १३ | दुहवी सिटी हस्पिटल प्रा.लि. | सुनसरी | दुहवी-३ |
| १४ | पशुपती मोडेल हस्पिटल प्रा.लि. | सुनसरी | इटहरी ०९ |
| १५ | इटहरी ग्लोवल आइ हस्पिटल प्रा.लि. | सुनसरी | इटहरी |
| १६ | इनरुवा अस्पताल, इनरुवा | सुनसरी | इनरुवा |
| १७ | ओखलढुंगा सामुदायिक अस्पताल ( मिसन हस्पिटल ) | ओखलढुंगा | ओखलढुंगा |
| मधेश प्रदेश | | | |

| क स | अस्पताल | जिल्ला | स्थान |
|---|---|---|---|
| १ | छिन्नमस्ता अस्पताल | सप्तरी | राजविराज |
| २ | जानकी हेल्थ केयर | धनुषा | जनकपुर |
| ३ | लालगढ मोडल अस्पताल | धनुषा | लालगढ |
| ४ | शुभ स्वस्तिक अस्पताल | महोत्तरी | बर्दिबास |
| ५ | नमुना सामुदायिक अस्पताल | सर्लाही | हरिवन |
| ६ | बिरगञ्ज हेल्थ केयर अस्पताल | पर्सा | बिरगञ्ज ०३ |
| ७ | नेशनल मेडिकल कलेज प्रा.लि. | पर्सा | बिरगञ्ज १० |
| ८ | गण्डक अस्पताल | पर्सा | बिरगंज |
| ९ | स्पर्स अस्पताल प्रा.लि. | पर्सा | बिरगंज |
| १० | प्रभु अस्पताल | पर्सा | पानी ट्यांकी, बिरगंज |
| ११ | किरण आँखा अस्पताल | पर्सा | बिरगंज |
| १२ | बिरगंज दृष्टि आँखा अस्पताल | पर्सा | बिरगंज |
| १३ | सूर्य हस्पिटल प्रा.लि. वीरगञ्ज, पर्सा | पर्सा | वीरगञ्ज |
| १४ | एल. एस. न्यूरो एण्ड जनरल हस्पिटल | बारा | परवानीपुर-५ |

बाग्मती प्रदेश

| क स | अस्पताल | जिल्ला | स्थान |
|---|---|---|---|
| १ | सन्चो अस्पताल प्रा. लि | मकवानपुर | हेटौडा १, भिन्तुनापथ |
| ३ | चुरेहिल अस्पताल प्रा.लि. | मकवानपुर | हेटौडा ११, थानाभर्याङ |
| ४ | मकवानपुर सहकारी अस्पताल | मकवानपुर | हेटौडा १, भिन्तुनापथ |
| ५ | कलेज अफ मेडिकल साइन्सेस (COMS)(पुरानो मेडिकल कलेज) | चितवन | भरतपुर १० |
| ६ | चितवन मेडिकल कलेज टिचिङ हस्पिटल | चितवन | भरतपुर १० |
| ७ | मनकामना अस्पताल | चितवन | भरतपुर-१० |

| | | | |
|---|---|---|---|
| ८ | चितवन आँखा अस्पताल | चितवन | भरतपुर १०, चितवन |
| ९ | शीर मेमोरियल अस्पताल | काभ्रेपलाञ्चोक | बनेपा |
| १० | धुलिखेल अस्पताल | काभ्रेपलाञ्चोक | धुलिखेल |
| ११ | बीर अस्पताल | काठमाडौं | काठमाण्डौ |
| १२ | राष्ट्रिय ट्रमा सेण्टर | काठमाडौं | महांकाल, काठमाडौं |
| १३ | त्रि.बि. शिक्षण अस्पताल | काठमाडौं | महाराजगंज |
| १४ | मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लाण्ट सेण्टर | काठमाडौं | महाराजगंज |
| १५ | सहिद गंगालाल राष्ट्रिय मुटु केन्द्र | काठमाडौं | बाँसबारी |
| १६ | हेल्पिङ ह्याण्डस् सामुदायिक अस्पताल | काठमाडौं | चावहिल |
| १७ | मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल | काठमाडौं | स्वयंभु |
| १८ | काठमाण्डौ मेडिकल कलेज (KMC) | काठमाडौं | सिनामंगल |
| १९ | ने.अ.सं. नेपाल अर्थोपेडिक अस्पताल | काठमाडौं | जोरपाटी |
| २० | शंकरापुर अस्पताल प्रा.लि. | काठमाडौं | गोकर्णेश्वर ०६ |
| २१ | नेपाल मेडिकल कलेज प्रा.लि. | काठमाडौं | जोरपाटी, अत्तरखेल |
| २२ | एभरेष्ट अस्पताल प्रा. लि. | काठमाडौं | नयाँ बानेश्वर |
| २३ | तिलगंगा आँखा अस्पताल | काठमाडौं | तिलगंगा |
| २४ | दृष्टि आई केयर | काठमाडौं | कलंकी |
| २५ | ए एस जी आखा अस्पताल | काठमाडौं | नयाँ बानेश्वर |
| २६ | पिपुल्स डेन्टल कलेज एण्ड हस्पिटल ( General Treatment only) | काठमाडौं | नयाँबजार सोह्रखुट्टे |
| २७ | फ्रन्टलाइन हस्पिटल | काठमाडौं | बत्तीसपुतली, पुरानो बानेश्वर |
| २८ | ओम हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. | काठमाडौं | चावहिल |
| २९ | इनोभा हस्पिटल प्रा.लि. लाजिम्पाट, काठमाण्डौ | काठमाडौं | लाजिम्पाट |
| ३० | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (पाटन अस्पताल) | ललितपुर | ललितपुर |

| | | | |
|---|---|---|---|
| ३१ | किस्ट मेडिकल कलेज एण्ड टिचिङ्ग अस्पताल | ललितपुर | इमाडोल |
| ३२ | मेघा अस्पताल प्रा.लि. | ललितपुर | धोबिघाट |
| ३३ | काठमाडौं क्यान्सर सेन्टर | भक्तपुर | नालारोड, ताथली |
| ३४ | भक्तपुर इन्टरनेसनल हस्पिटल | भक्तपुर | कौशलटार |
| गण्डकी प्रदेश | | | |
| क स | अस्पताल | जिल्ला | स्थान |
| १ | नवलपुर अस्पताल प्रा.ली. | नवलपुर | कावासोती-८ |
| २ | देवचुली अस्पताल | नवलपुर | दलदले |
| ३ | ग्यालेक्सी अस्पताल | कास्की | पोखरा |
| ४ | चरक मेमोरियल अस्पताल | कास्की | पोखरा म.न.पा. ०८ |
| ५ | मणिपाल टिचिङ्ग अस्पताल | कास्की | पोखरा |
| ६ | फेवा सिटि अस्पताल | कास्की | पोखरा |
| ७ | गण्डकी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल | कास्की | पोखरा |
| ८ | दृष्टि आँखा अस्पताल प्रा.लि. | कास्की | पोखरा |
| ९ | मेडिप्लस अस्पताल | कास्की | पोखरा -११, रानिपौवा |
| लुम्बिनी प्रदेश | | | |
| क स | अस्पताल | जिल्ला | स्थान |
| १ | युनिभसर्ल कलेज अफ मेडिकल साइन्स (UCMS) | रुपन्देही | भैरहवा |
| २ | सिद्धार्थनगर सिटी हस्पिटल | रुपन्देही | एयरपोर्ट रोड, भैरहवा |
| ३ | गौतमबुद्ध मुटु अस्पताल | रुपन्देही | रामनगर, वुटवल |
| ४ | सिद्धार्थ बाल तथा महिला (आम्दा) अस्पताल | रुपन्देही | बुटवल |
| ५ | क्रिमसन अस्पताल | रुपन्देही | तिलोत्तमा-५, मणिग्राम |

| | | | |
|---|---|---|---|
| ६ | लर्डबुद्ध एजुकेशनल एकडेमी लि.(नेपालगंज मेडिकल कलेज) | बाँके | नेपालगन्ज |
| ७ | लर्डबुद्ध एजुकेशनल एकडेमी लि.(नेपालगंज मेडिकल कलेज) | बाँके | कोहलपुर-११ |
| ८ | मितेरी अस्पताल | दाङ | घोराही |
| सुदुर पश्चिम् प्रदेश | | | |
| क स | अस्पताल | जिल्ला | स्थान |
| १ | लाल रत्न अस्पताल प्रा.लि. | कैलाली | लम्कीचुवा |
| २ | नवजीवन हस्पिटल प्रा.लि. | कैलाली | धनगढी |

**सह योगदान**

कोषको औषधि उपचार तथा मातृत्व सुरक्षा योजना सह योगदानमा आधारित छ भने दुर्घटना तथा असक्तता सुरक्षा योजना सह योगदानमा आधारित छैन | सह योगदान हुँदा खर्च भएको रकमको २०% योगदानकर्ता आफैले र बाँकि ८०% रकम कोषले योगदानकर्ताको तर्फबाट स्वास्थ्य सेवा प्रदायकलाई सिधै भुक्तानी गर्दछ |

औषधि उपचार तथा मातृत्व सुरक्षा योजना योगदानकर्ता आफै र योगदानकर्ताको पति र पत्नी दुवैलाई लागु हुन्छ |

यी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुबाट कोषले आफ्ना योगदानकर्ताहरुलाई १४ थरी रोगहरुको पनि उपचार सुविधा दिंदै आएको छ | घातक रोगको उपचार पनि सह योगदानमा नै आधारित छ |

**तोकिएकै अस्पतालबाट उपचार गराएमात्र सहुलियत पूर्ण सेवा पाउने**

माथि उल्लेखित स्वास्थ्य सेवा प्रदायक भएका जिल्ला र आसपासका क्षेत्रका योगदानकर्ताले औषधि उपचार तथा मातृत्व सेवा लिन परेमा माथि तोकिएकै अस्पतालबाट सेवा लिएमा मात्र कोषले अस्पताललाई ८०% भुक्तानी गर्नेछ अन्यथा सम्पूर्ण खर्च योगदानकर्ता आफैले व्यहोर्नु पर्ने हुन्छ |

# चैत्र महिनामा कोषका केहि गतिविधिहरुको झलक



कपिलवस्तुको तौलिहवामा ७ स्थानिय पालिका हरुसंग कोषको अनौपचारिक क्षेत्रमा योगदानको सम्झौता सम्पन्न ।



पोखराको Kaski Modernized Academy मा कोषका योजना सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न।




लुम्बिनी विकास कोषको प्रशासन, कर्मचारी तथा ट्रेड युनियन प्रतिनिधिसंग कोषका योजना सम्बन्धि कार्यक्रम सम्पन्न ।



कोषका योजना सम्बन्धि पोखराको भास्कर मेमोरियल स्कूलमा छलफल कार्यक्रम सम्पन्न ।



नेपालगन्जमा विभिन्न सरोकारवालाहरुको उपस्थिती त्रिपक्षीय अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न ।



पोखराको मणिपाल अस्पतालमा कर्मचारी र ट्रेड युनियनसंग कोषको अन्तरक्रिया कार्यक्रम सम्पन्न ।




लालगढ धनुषामा श्रमिकलाई सामाजिक सुरक्षा योजना सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न ।



वीरगंज सामुदायिक आँखा अस्पताल संग कोषको सहुलियत दर सेवा प्रवाह गर्ने विषयमा सझौता ।



ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)संग कोषका योजनाहरु सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

# कोषको तथ्यांक : २०८० चैत्र

सामाजिक सुरक्षा कोषमा हालसम्म आवद्ध
संस्था, योगदानकर्ता तथा दावी भुक्तानीको विवरण

मितिः २०८०-१२-३०

| प्रदेश | औपचारिक | | | | | | | | वैदेशिक | अनौपचारिक | स्वरोजगार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुर पश्चिम | जम्मा | | | | |
| रोजगारदाता | १९७८ | ९०९ | १२९७४ | ८७९ | १५६५ | २५९ | २७८ | १८८४२ | | | | १८८४२ |
| योगदानकर्ता | ४९९७४ | २४८५३ | ३७७४३१ | १९०४७ | १७०६६ | १६९० | २०३४ | ४९२०९५ | ७८३०५६ | २७१ | ८६ | १२७५५०८ |

| योजना | योगदान रकम संकलन | | | | | दावी भुक्तानी | | |
|---|---|---|---|---|---|---|---|---|
| | औपचारिक | वैदेशिक | अनौपचारिक | स्वरोजगार | जम्मा | दावी गर्नेको संख्या | दावी भुक्तानी संख्या (पटक) | दावी भुक्तानी रकम |
| औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजना | १५२४३१५३५७.५६ | | ३०८९०४.४ | २३१२२.०६ | १५२४६४७३८४.०३ | ५९४४५ | २१३६२७ | ९९८९९०२१९.८ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | २१३४०४१२१३.९९ | ५८२६९८१२२.७१ | ० | ३२३७०.७८ | ३१२८३४२१०७.१९ | ३०२९ | ४९३० | ११६०४५५७१.६ |
| आश्रित परिवार सुरक्षा योजना | ४११५६४१५७.२१ | | ० | ६२४२.५ | | ४८० | १४१२८ | १३२९६०७३३ |
| वृद्ध अवस्था सुरक्षा योजना | ४३३०३७०८९४२.२९ | १०८५११४६१९.९६ | ३०७२९५.५ | ६८९४७७.५२ | ४४३८९८२०३३५.२३ | ७४३९७ | ७९०२६ | ७३२२२३६६५० |
| अतिरिक्त योगदान | | | | | ९३१३२६७३२.६१ | - | | - |
| प्रतिफल | | | | | २९४१२९७४२८.६९ | | | |
| जम्मा | | | | | ५२ अर्ब ९१ करोड | १३७३५१ | ३११७११ | ८ अर्ब ५७ करोड |

## कोषमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय डी पी अर्यालको भ्रमण



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री श्री डी पी अर्यालले वि. स. २०८० चैत्र २ गते सामाजिक सुरक्षा कोषको भ्रमण गर्नु भएको छ । भ्रमणका क्रममा मन्त्री अर्यालले कोषको अवस्था र योजनाको बारेमा जिज्ञासा राख्नु भएको थियो भने कोषका कार्यकारी निर्देशक श्री कविराज अधिकारीले कोषले संचालन गरेका योजनाहरुको बारेमा प्रस्तुति दिनु भएको थियो ।

यस्तै गरी कोषका अध्यक्ष तथा मन्त्रालयका नव नियुक्त सचिब श्री घनश्याम उपध्यायज्युले पनि वि. स. २०८१ बैशाख २ गते कोषको भ्रमण गर्नु भएको थियो ।


| | |
|---|---|
| *प्रकाशक* | *सामाजिक सुरक्षा कोष* |
| *सुझाव तथा गुनासोको लागि* | *media@ssf.gov.np* |